# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत १ गते २०३३ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नारायणी अञ्चल सिंचाइ विकास योजनाको रिभर ट्रेनिङ्गको लागि नारायणी अञ्चल, पर्सा जिल्लाको बगही गाउँ पञ्चायत अन्तर्गतको निम्नलिखित वडा नं. को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

वडा नं. ५ को:–

पूर्व कित्ता नं. १६१, पश्चिम खोला, उत्तर कित्ता नं. १६५, दक्षिण कित्ता नं. २०१ को जग्गा यति ४ किल्लाभित्रको कित्ता नं. १६६ बाट ०–०–१३–१ (तेन्ह धुर एक कनुवा) को मालपोत रू. १।६५ (एक रूपैयाँ पैसट्ठी पैसा) लागेको कित्ता ।

वडा नं. ६ को:–

पूर्व द वडा सिमाना, पश्चिम कित्ता नं. १७०, उत्तर कित्ता नं. १६८, दक्षिण खोला यति ४ किल्लाभित्रको कित्ता नं. १६९ बाट ०–१७–१९–१ (सत्र कट्ठा उन्नाईस धुर एक कनुवा) को मालपोत रू. ४५।८९ (पैंतालीस रूपैयाँ उनान्नब्बे पैसा) लागेको कित्ता।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

१६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।